# पोखरा महानगरपालिका

## स्थानीय राजपत्र

वर्ष २, पोखरा खण्ड २० प्रमाणित मिति २०७५/१२/०१,

भाग २

## पोखरा महानगरपालिकाको
## "घ"वर्गको निर्माण ईजाजत पत्र प्रदान सम्वन्धी कार्यविधि,२०७५
## (प्रथम संशोधन)

| **हालको प्रावधान** | **संशोधित प्रावधान** |
|---|---|
| **नयाँ ईजाजत पत्र सम्बन्धी व्यवस्था**<br>**अनुसूची- ५ अनुसार**<br>१. रु. पाँच लाख रुपैंयाको चालू पूजी देखाई उद्योग विभागमा (कम्पनी रजिष्ट्रार वा घरेलु कार्यालय) दर्ता भएको हुनुपर्ने ।<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक, रवाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना हुनुपर्ने ।<br>३. मेशिन र उपकरण :-<br>क) टि्पर /ट्याक्टर : एक (१)/(१) एक थान<br>ख) मिक्सर : (१ )एक थान<br>ग) Theodolite/Level Machine : एक सेट<br>घ) वाटर पम्प : (३) तीन थान<br>ङ) भाईब्रेटर : ३ तीन थान ।<br>**द्रष्टव्य :**<br>१.मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।<br>२.उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसियसन सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।<br>३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन्<br>४. १५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।<br>५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा | **हुनु पर्ने**<br>१. कम्तीमा रु. पाँच लाख रुपैंयाको चालू पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय दर्ता भएको हुनुपर्ने ।<br>२.मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना कर्मचारी आवद्ध हुनुपर्ने ।<br>३.मेशिन र उपकरण :-<br>क) टि्पर वा ट्याक्टर : एक थान<br>ख) मिक्सर : एक थान<br>ग) Theodolite/Level Machine/total station एक थान<br>घ) वाटर पम्प : तीन थान<br>ङ) भाईब्रेटर : तीन थान ।<br>**द्रष्टव्य:**<br>१.मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।<br>२. उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स परिषद्को सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।<br>३.माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।<br>४.१५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।<br>५.फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पत्र र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा |

| | |
|---|---|
| सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि । | सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br>६.जे.सि.वि. एक थान । (औचित्यताको आधारमा )<br>**अन्य:**<br>७.थप जेसीवि थान १ पनि माग गर्नुपर्ने भनि निर्माण व्यवसायी संघवाट माग भई आएको र के गर्ने भन्ने विषयमा छलफल गर्नुपर्ने । |

| **नविकरण सम्बन्धमा भएको (अनुसूची -७)** | **हुनु पर्ने** |
|---|---|
| १.निवेदकको तोकिए बमोजिमको निवेदन र ना.प्र.प.को प्रमाणित प्रतिलिपि ।<br>२.उद्योग दर्ता प्रमाण पत्र/PAN दर्ता प्र.प.के प्रमाणित प्रतिलिपि ।<br>३. जनशक्ति विवरण ३ जना नियुक्त गरेको वा म्याद थपको कागजात ।<br>(क) सिभिल ई. विषयमा ओभरसियर वा सो बराबर योग्यता पुगेको एक जना ।<br>(ख) जुनसुकै विषयमा प्रमाण पत्र तह वा सो बराबर योग्यता पुगेको एकजना ।<br>(ग) बाणिज्य शास्त्रमा प्रमाण पत्र तह वा सो बराबर योग्यता पुगेको एकजना ।<br>४.निम्न मेसिन तथा उपकरणहरु चालु अवस्थामा रहेको भनि मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको कागजात ।<br>क) टि्पर /ट्याक्टर :एक (१)/(१) एक थान<br>ख) मिक्सर (१) एक थान<br>ग) Theodolite/Level Machine (१) एक सेट<br>घ) वाटर पम्प तीन (३) थान<br>ङ) भाईब्रेटर तीन (३) थान ।<br>५.कम्तिमा रु.एक लाख मौज्दात रहेको कम्पनीको नामको हालैको बैंक स्टेटमेन्ट ।<br>६.कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।<br>७.एकिकृत कर वा सम्पत्ति कर वा भुमि कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br>८. घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा वा प्रमाणित प्रतिलिपि ।<br>९."घ"वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी, कार्यविधि २०७५,को दफा ३ को उपदफा (२) र उपदफा (३) बमोजिमको म्याद भित्र इजाजतपत्र नविकरण गर्नुपूर्व सम्बन्धित फर्म/कम्पनीहरुको कार्यालयको र उक्त कम्पनीमा नियुक्त कर्मचारी तथा मेसिनरी उपकरणहरुको समेत स्थलगत निरिक्षण र अनुगमन गर्नुपर्ने आवश्यक ठानेमा प्रमुख प्रशासकिय अधिकृतले अनुगमन निरिक्षण समेत गर्न सक्नेछ । त्यसरी अनुगमन निरिक्षण गर्दा त्यस्ता फर्म कम्पनीहरुले ईजाजतपत्र प्राप्त गर्दाका बखत पेश गरेका डकुमेन्ट वा माथी ३,४,र ५ नं. बमोजिमको व्यवस्थापन भएको नदेखिएमा त्यस्तो फर्म कम्पनी व्यवसायीको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण गर्न महानगरपालिका बाध्य हुनेछैन । | १.निवेदकको तोकिए बमोजिमको निवेदन ।<br>२.उद्योग दर्ता प्रमाण पत्र/PAN दर्ता प्र.प.को प्रमाणित प्रतिलिपि ।<br>३.कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।<br>४.एकिकृत कर वा सम्पत्ति कर वा भुमि कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि ।<br>५.घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा र कम्तिमा २ वर्ष घरभाडा लिएको सम्झौता पत्र ।<br>६.प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपि । |

| नामसारी सम्बन्धमा अनुसूची- ५ | हुनु पर्ने |
|---|---|
| १. रु.पाँच लाख रुपैंयाको चालू पूजी देखाई उद्योग विभागमा (कम्पनी रजिष्टार वा घरेलु कार्यालय) दर्ता भएको हुनुपर्ने ।<br>२.मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरि विषयमा कम्तीमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्राविधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उर्त्तिण एकजना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उर्त्तिण एकजना हुनुपर्ने ।<br>३. मेशिन र उपकरण :-<br>क) टि्पर /ट्याक्टर :एक (१)/(१) एक थान<br>ख) मिक्सर (१ )एक थान<br>ग) Theodolite/Level Machine एक सेट<br>घ) वाटर पम्प (३) तीन थान<br>ङ) भाईब्रेटर ३ तीन थान ।<br>द्रष्टव्य:<br>१. मेशिन र उपकरणको विमा गरेको कागजातहरु हुनुपर्ने ।<br>२. उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनिर्यस एशोसियसन सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरिङ्गले प्रमाणित गरेको हुनुपर्नेछ ।<br>३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन् ।<br>४. १५ वर्षभन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नया दर्ता हुने प्रयोजनका लागि मान्य हुने छैन् ।<br>५. फर्म वा कम्पनीको कार्यालय आफ्नै स्वामित्वको घर वा जग्गामा स्थापना गरिएको भएमा त्यस्तो घर वा जग्गाको जग्गाधनी प्रमाण पुर्जा र सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) तिरेको रसिद र घर जग्गा भाडामा भएमा सम्पत्ति कर वा भुमिकर (एकृकित सम्पत्ति कर) र घर वहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि । | १.कम्पनी दर्ता भएको निकायबाट कम्पनीको स्वामित्व नामसारि गरेको प्रमाण पत्रहरु,<br>२.आन्तरिक राजश्व विभाग / कार्यालयमा पुरानो दर्ताको कर चुक्ता प्रमाण पत्र नयाँ कम्पनीको करदाता प्रमाण पत्र,<br>३.यस कार्यविधि अनुसार दर्ता भएका ईजाजत पत्र नामसारी गर्नुपर्ने भएमा कार्यविधिमा उल्लेखित दर्ता गर्दाका उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागजात वा कार्यविधिमा व्यवस्था गरे अनुसारको जनशक्ति वा उपकरण ।<br>४. निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुदाँ भएका निर्माण व्यवसायीको हकमा नामसारी गर्नुपरेमा निर्माण व्यवसायी ऐन, २०५५ अनुसार दर्ता हुदाँ पेश गरे बमोजिमका जनशक्ति र उपकरण पेश गर्नुपर्नेछ । |

प्रमाणिकरण मिति : २०७५/१२/०१,

प्रकाशित मिति : २०७५/१२/०४,

आज्ञाले,

शेषनारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत